

**CHIEF ADMINISTRATIVE OFFICER**
**MUKTIRAM ARYAL**

# WELCOME TO POKHARA

## TOURISM CAPITAL OF NEPAL

13 July 2026, Pokhara, Nepal

**POKHARA : CITY OF NATURE, CULTURE & ADVENTURE**




# पोखरा महानगरपालिका

# सार्वजनिक सुनुवाई कार्यक्रम

मिति: २०८३ आषाढ २९ गते
पोखरा सभागृह

# पोखरा महानगरपालिकाको संक्षिप्त परिचय

**TOURISM CAPITAL OF NEPAL**




- पोखरा नगर पञ्चायतको स्थापनाः– **वि.सं. २०१६**
- पोखरा महानगरपालिका नामाकरणः– **२०७५**
- कुल क्षेत्रफलः– **४६४.२४ वर्ग कि.मि.**
- कूल जनसंख्याः- **५,१३,५०४ (राष्ट्रिय जनगणना २०७८),**

  Floating:- **१५,००,००० (Approx) (महानगरको पार्श्वचित्र)**
- कूल वडा संख्याः– **३३ वटा**
- पर्यटन राजधानी घोषणाः- **२०८०, पोखरा भ्रमण वर्ष २०२५ घोषणा**
- साक्षरता प्रतिशतः- **८८.७ प्रतिशत**
- आर्थिक वृद्धिदरको लक्ष्यः- **वार्षिक ८.४ प्रतिशत**

**POKHARA : CITY OF NATURE, CULTURE & ADVENTURE**

# पोखरा महानगरपालिकाको समग्र अवस्थाको विवरण

**जनशक्ति व्यवस्थापनः-** कर्मचारी समायोजन पश्चात् O&M सर्वेक्षण प्रतिवेदन स्वीकृत

क) जम्मा स्वीकृत दरवन्दीः- **१०१३ जना**, पदपूर्तिः- **६४१** जना, रिक्तः- **३७२ जना**

ख) हाल कार्यरत जनशक्तिः- स्थायीः **८२० जना** करारः **१९३ जना**

**प्रशासकीय भवन पहुँच**

क) प्रमुख प्रशासकीय भवनः **निर्माणको प्रक्रियामा रहेको।**

ख) आफ्नै भवन भएका वडा कार्यालयहरूः **३१ वटा** निर्माणको प्रक्रियामा रहेका वडा कार्यालयहरूः **२ वटा**

ग) वडा केन्द्रसम्म सडक पुगेकोः **सबै वडाहरू**

# कानून निर्माण




- प्रथम योजना अवधिमा कानूनी दस्तावेजको रूपमा ११४ वटा नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जूमा भई कार्यान्वयन भएका।
- महानगरमा निर्वाचित भएर आएपछि यस अवधिमा ५५ वटा कानूनहरू निर्माण।
- हालसम्म पोखरा महानगरपालिकाले १६९ वटा कानूनहरू निर्माण गरेको।

## स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS): ७२ अङ्क प्राप्त ।

- पोखरा महानगरपालिका सहरी योजना, पूर्वाधार विकास र विपद् व्यवस्थापनमा उत्कृष्ट कार्यसम्पादनका आधारमा देशभरका नगरपालिकाहरूमध्ये सर्वोत्कृष्ट घोषित भएको छ ।
- नेपाल नगरपालिका संघबाट प्रदान गरिने **Municipal Excellence Award** मा ९५ प्रतिशत अङ्क हासिल गर्दै पोखराले यो उपाधि हासिल गरेको हो ।

## न्यायिक समिति सम्बन्धी प्रगति विवरण (चालु आ.व. २०८२/०८३)

क) दर्ताको उजुरी गुनासो संख्याः **उपप्रमुख (७५ वटा)**

(प्रमुखज्यूको इजलासमाः **३२ वटा** र निर्णय मिलापत्रः **१५ वटा**)

ख) कार्वाही वा फछ्र्यौट भएको उजुरी संख्याः **४१ वटा**

ग) पुनरावेदनमा गएको संख्याः **१६ वटा** (कास्की जिल्ला अदालत)

घ) चालु विवादः **१७ वटा**

# ब्यारेक तथा विपद् तथा जोखिम न्यूनीकरण केन्द्र निर्माण





पोखरा महानगरपालिका महानगरीय प्रहरी बलको ब्यारेक, विपद् तथा जोखिम न्युनीकरण केन्द्र निर्माण । नगर प्रहरी, दमकल, एम्बुलेन्स समेतको एकीकृत सेवा प्रदान गरिरहेको ।

# TOURISM CAPITAL OF NEPAL

- आपतकालिन सेवाहरू दमकल, एम्बुलेन्स तथा नगर प्रहरी लगायत परिचालन गर्न एकीकृत आपत्कालिन कार्य सञ्चालन।
- एशियाली विकास बैंकको सहयोगमा समग्र विपद्जन्य परिस्थितिहरूको उचित व्यवस्थापनका लागि Emergency Operations Centre (EOC) निर्माणको प्रक्रियामा रहेको छ ।











# सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता

क) अनलाईन मार्फत सेवा प्रदानको लागि प्रयोग भएका प्रणाली:- १० वटा

ख) नागरिक वडापत्र: रहेको ।

ग) सूचना अधिकारी: तोकिएको ।

घ) गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक र सामाजिक परीक्षण कानूनी व्यवस्था अनुरूप नै सञ्चालनमा रहेका ।

# TOURISM CAPITAL OF NEPAL

- सबै वडा कार्यालयहरूमा प्रशासनिक र आर्थिक अधिकार प्रत्यायोजन गरी ४३ वटा खर्च केन्द्रहरू सञ्चालन भएका ।
- Electronic Fund Transfer (EFT ) मार्फत् भुक्तानी गर्ने कार्य पूर्ण रुपमा लागू ।
- महानगर मातहतका सबै कार्यालयहरूमा प्रविधिमैत्री सेवामा जोड ।



# TOURISM CAPITAL OF NEPAL



- अनलाइन घर नक्सा प्रणाली सञ्चालन, पुराना नक्साहरु डिजिटाइजेसन कार्य सम्पन्न ।
- पोखरा महानगरपालिकाको घर नक्सा पास सम्बन्धी मापदण्ड २०८० कार्यान्वयन ।
- BEEN कार्यक्रम अन्तर्गत ऊर्जा प्रभावकारी भवनसँग सम्बन्धित कार्यक्रम लागू ।

# आर्थिक वर्ष (२०८२/०८३) आषाढ २५ सम्मको खर्चको विवरण

| | विनियोजित रकम | खर्च (प्रतिशत) |
|---|---|---|
| चालु | ३ अर्ब ५७ करोड २० लाख १८ हजार ९७ रूपैँया | ८२% |
| पूँजीगत | ४ अर्ब ८६ करोड ३१ लाख ३६८ हजार ९०३ रूपैँया | ३७% |
| **जम्मा** | **८ अर्ब ४२ करोड ५१ लाख ५५ हजार रूपैँया** | **५७%** |

# आर्थिक वर्ष (२०८२/०८३) आषाढ २५ सम्मको आम्दानीको विवरण

| आम्दानी शीर्षक | अनुमानित आम्दानी(रू.) | प्राप्त आम्दानी (रू.) |
|---|---|---|
| सङ्घीय सरकारको अनुदान | ३ अर्ब ६४ करोड ५६ लाख | ३ अर्ब ६१ करोड १२ लाख ७८ हजार ९२० |
| प्रदेश सरकारको अनुदान | ९ करोड १५ लाख ४६ हजार | ८ करोड १५ लाख ४६ हजार |
| सङ्घीय सरकार राजश्व बाँडफाँट | ३३ करोड ८ लाख ४६ हजार | ३३ करोड २९ लाख ८३ हजार ६१४ |

# आर्थिक वर्ष (२०८२/०८३) आषाढ २५ सम्मको आम्दानीको विवरण

| आम्दानी शीर्षक | अनुमानित आम्दानी(रू.) | प्राप्त आम्दानी (रू.) |
|---|---|---|
| प्रदेश सरकार राजश्व बाँडफाँट | ४ करोड २८ लाख ७३ हजार | ३ करोड ९५ लाख ९९ हजार १५ |
| स्थानीय सरकार राजश्व बाँडफाँट | १ अर्ब ३१ लाख १४ हजार | ७५ करोड ५ लाख ७६ हजार २०० |
| आन्तरिक स्रोत | ३ अर्ब २३ करोड ७२ लाख २० हजार | १ अर्ब २० करोड ०६ लाख ५४ हजार ९४५ |

गत वर्षको मौज्दात:- **४४ करोड ३४ लाख ५८ हजार ३७४**

कूल आम्दानी:- **६ अर्ब १ करोड ६६ लाख ३८ हजार ६९६**

# आ.व २०८३/०८४ का लागि अनुमानित बजेट विनियोजन

| क्षेत्र | अनुमानित बजेट विनियोजन |
|---|---|
| पूँजीगत | ४४.९ प्रतिशत |
| चालू | ५५.१ प्रतिशत |
| कूल बजेट | ७ अर्ब १५ करोड २५ लाख |

# आ.व २०८३/०८४ का लागि अनुमानित आम्दानी

| स्रोत | अनुमानित आम्दानी (रू.) |
|---|---|
| सङ्घीय सरकारको अनुदान | ३ अर्ब १८ करोड ६० लाख |
| प्रदेश सरकारको अनुदान | ९ करोड १५ लाख ३६ हजार |
| सङ्घीय राजश्व बाँडफाँट | ३४ करोड ३४ लाख ७३ हजार |
| प्रदेश राजश्व बाँडफाँट | ४ करोड ९ लाख ८६ हजार |
| स्थानीय राजश्व बाँडफाँट | १ अर्ब ३१ लाख १४ हजार |
| आन्तरिक स्रोत | २ अर्ब ४८ करोड ७३ लाख ९१ हजार |
| **कूल** | **७ अर्ब १५ करोड २५ लाख** |

# शहरी विकास तथा वातावरण महाशाखा:

- चालु आ.व. मा स्वीकृत मापदण्ड अनुसार आषाढ २५ सम्म कुल २,५६८ वटा नया नक्सा दर्ता भएका छन् । जसमध्ये प्लिन्थ लेभलसम्मको इजाजत पत्र १,७४५ वटा, तल्ला थप इजाजत ३८१ वटा र २६९ वटा भवन निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिएको छ ।
- घर नक्सापास सम्बन्धी २००० वर्ग फिट क्षेत्रफलसम्म वडा कार्यालयबाट तथा सो भन्दा बढी क्षेत्रफलको भवनहरुको नक्सापास महानगरबाट गर्ने व्यवस्था गरिएको ।
- साविकमा नक्सापास भई हस्तलिखित रुपमा रहेको करिब ९० हजार घरनक्साहरु Digitalization गरिएको छ ।
- फोहोरमैला व्यवस्थापन कार्यका लागि सार्वजनिक निजी साझेदारी अन्तर्गत निजी क्षेत्रसँग सम्झौता गरी फोहोर प्रशोधन केन्द्र निर्माण प्रक्रिया अगाडि बढाइएको तथा अल्पकालीन व्यवस्थापन अन्तर्गत पोखरा-२१ मा व्यवस्थापन गरिएको ।

# शहरी विकास तथा वातावरण महाशाखा:

- विश्व बैंकको सहयोगमा संचालित नेपाल शहरी शासकीय पूर्वाधार आयोजना अन्तर्गत शिसुवाघाट सडक निर्माण सम्पन्न भएको । दोबिल्ला–बागमारा–पुँडीटार लामेआहाल । तालचोक–वेगनास अन्तिम चरणमा रहेको छ ।
- ADB को सहयोगमा संचालित सहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तर्गत घाँटीछिना पञ्चासे सडक बोलपत्र प्रकाशन गरिएको छ । इमरजेन्सी अपरेशन सेन्टर र शान्ति बनबाटिकाको बोलपत्र प्रकाशनको चरणमा रहेको छ भने अन्य आयोजनाको अध्ययनको चरणमा छ ।

# शहरी विकास तथा वातावरण महाशाखा:

- सार्वजनिक निजी साझेदारी अन्तर्गतका परियोजनाहरु क्रमशः फेवासिल्टेशन, महरे खहरे नदीजन्य पदार्थ संकलन परियोजना सञ्चालनमा रहेको छ । डेभिडफल निर्माणको चरणमा रहेको तथा सेती गर्ज परियोजनाको अध्ययन कार्य भइरहेको छ ।
- मेगा वृक्षारोपण अभियान अन्तरगत यस आ.वमा नगर क्षेत्रका विभिन्न स्थानमा ६ हजार वृक्षरोपण गरिएको छ ।
- सराङ्कोट धाममा आकर्षक ल्याण्डस्केपिङ र परिसर सौन्दर्यीकरणको कार्य गरिएको छ भने वडा नं. २८ को अर्धनारेश्वरमा दर्शनार्थीका लागि सुरक्षित पैदल मार्ग निर्माण गरिएको छ ।

# राजश्व महाशाखा

- राजस्व प्रणालीमा सुत्र (SuTRA Revenue Module) कार्यान्वयन ।
- यात्रु बस प्रतिक्षालयलाई आय ठेक्का व्यवस्थापन, विज्ञापन ऐन, तर्जुमा भई कार्यान्यनको चरणमा रहेको ।
- आय ठेक्का व्यवस्थापन प्रणालीमा ई–बिड(E-Bidding) प्रणालीलाई पुर्ण रुपमा आत्मसाथ गरिएको । वडाबाट नै सम्पुर्ण कर प्रशासनको व्यवस्था गरिएको ।
- पुनः प्रयोग योग्य सामाग्री (कवाडी) को ठेक्का व्यवस्थापन गरिएको । सेफ्टि ट्याङ्की (मलमुत्र जन्य) को ठेक्का प्रक्रियामा गएको । पोखरा कोसेली घर सञ्चालन तथा पार्किङ्ग शुल्क संकलन सम्बन्धी ठेक्का आव्हान गरिएको ।

# शिक्षा महाशाखा

- पोखरा १७ स्थित जानकी मा.विमा अटिजम स्रोत कक्षा सञ्चालन गरिएको ।
- अमरसिंह मा.विमा दृष्टीविहिन स्रोत कक्षा सञ्चालन गरिएको ।
- श्रवणदृष्टीविहिनका लागि सृजना बहिरा मा.वि सञ्चालन गरिएको ।
- २० वटा विद्यालयहरुमा बालविकास कक्षा केन्द्र स्तरोन्नत्ती गरिएको ।
- वार्षिक बुलेटिन तथा शैक्षिक सत्र २०८३ को क्यालेण्डर प्रकाशन तथा कार्यान्वयन भइरहेको ।
- गण्डकी बहुप्राविधिक शिक्षालय सञ्चालन गरिएको ।




- दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले गण्डकी बहुप्राधिक शिक्षालय सञ्चालन ।
- शिक्षालयमा डिप्लोमा इन अटोमोवाईल इन्जिनियरिङ, डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन फार्मेसी तथा प्रमाणपत्र तह सामान्य चिकित्साका कक्षाहरू सञ्चालन ।

# नगर युवा परिषद् गठन





- नगर युवा परिषद् मार्फत युवाहरुलाई स्थानीय सरकारका गतिविधिहरुसँग प्रत्यक्ष रुपमा जोडिएको । नेतृत्व विकास, उद्यमशिलता प्रवर्द्धन र कानुनी सचेतना अभिवृद्धि लगायत कार्यक्रम सञ्चालन ।



- सामुदायिक विद्यालयहरुको शैक्षिक सुधारका लागि प्रध्यानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरिएको ।
- विद्यालयको समग्र शैक्षिक गतिविधिहरुको कुशल व्यवस्थापनमा प्रोत्साहनका लागि प्रध्यानाध्यापकको मासिक भत्तामा वृद्धि गरिएको ।
- सामुदायिक विद्यालयहरुको भौतिक, शैक्षिक अवस्था सुधारका लागि आवश्यक आर्थिक लगायतको सुविधा प्रदान गरिएको ।

# स्वास्थ्य महाशाखा

- १०% निशुल्क उपचार सम्बन्धी कार्यविधि, २०८२
- विपन्न नागरिकहरुलाई निशुल्क स्वास्थ्य वीमा कार्यान्वयन कार्यविधि, २०८२
- नियमित स्वास्थ्य कार्यक्रमहरू (पूर्ण खोप, गाउँघर क्लिनिक, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व, ओपिडी आदि) सञ्चालन गरी सेवा प्रदान।
- पूर्ण खोप घरधुरी सर्वेक्षण सञ्चालन भइरहेको।
- २७४ स्कुलका ४८०० जना किशोरीहरुलाई एच. पी. भी. खोप प्रदान।
- १३१ खोप केन्द्रहरू सञ्चालित।
- ६ देखि ५९ महिनासम्मका बालबलिकाहरुलाई भिटामिन ए वितरण।

# स्वास्थ्य महाशाखा



- AI प्रबिधियुक्त X-ray मेसिनबाट क्षयरोगको सक्रिय खोजपड्ताल २ वाट क्याम्प ६०० जना स्क्रिनिंग गरि ९ टीबी केस पत्ता लागेको ।
- डेंगु नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने "खोज र नष्ट गर" अभियान सञ्चालन
- मलेरियाका २ जना फूलबारी व्यारेकमा Case Investigation गरेको
- ३९९ जनालाई बिपन्न नागरिक उपचार सहयोग सिफारिस गरिएको, ८८३ जनालाई मासिक रू ५००० का दरले मासिक उपचार खर्च प्रदान गरिएको।
- शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र-१७ र शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र-२५ मा स्वास्थ्य वीमाको प्रथम सेवा विन्दु सञ्चालन गरि ल्याव र डाक्टर सहितको सेवा प्रवाह।
- HPV DNA Screening कार्यक्रम सञ्चालन भइरहेको।

# TOURISM CAPITAL OF NEPAL



- महानगरलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको ।
- सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत स्थानीय सेवा प्रदायक छनौट गरी समुदाय सचेतीकरण, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालन ।




- नगरवासीहरुको सेवाका लागि शिशुवा अस्पताल मातहत सुविधा सम्पन्न एम्बुलेन्स सेवा उपलब्ध ।
- शिशुवा अस्पताल लगायत थप ४ वटा स्वास्थ्य केन्द्रहरु मार्फत स्वास्थ्यबिमा विशेषज्ञ सेवा र ५० वटा स्वाथ्य इकाईहरु मार्फत स्वास्थ्य सेवा उपलब्ध ।




- नागरिक आरोग्य कार्यक्रम सञ्चालन ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका अशक्त मानिसहरुका लागि घरमा घरमा स्वास्थ्य सेवा प्रदान ।
- दीर्घरोगीहरु, आँखा सम्बन्धि समस्या भएकाहरुका लागि बिशेष उपचार लगायतको सेवा उपलब्ध ।

- विरामीहरुको Recording, Reporting & Monitoring गर्न विधुतीय प्रणाली EHIMS -Electronic Health Information Management System लागू ।
- स्वास्थ्य संस्थाजन्य फोहोरमैला मापदण्ड बमोजिम व्यवस्थापन गर्ने कार्यको सुरुवात



# आर्थिक विकास महाशाखा

## कृषि एम्बुलेन्स सञ्चालन




- पोखरा महानगरपालिकाद्धारा सञ्चालित कृषि एम्बुलेन्स मार्फत ग्रामिण क्षेत्रमा उत्पादित कृषिजन्य उपजहरु संकलन गरी बजारक्षेत्रका उपभोक्ताहरुलाई ताजा तरकारी उपलब्ध गराएको छ ।



# आर्थिक विकास महाशाखा




- कृषिमा यान्त्रीकरणलाई प्रोत्साहन गर्दै कृषकहरुलाई न्युनतम समर्थन मूल्य प्रदान।
- हाल ३६ प्रकारका तरकारीमा सर्मथन मुख्य प्रदान ।

# आर्थिक विकास महाशाखा






- पोखरा महानगरपालिकाले पहिलो पटक नगरक्षेत्रका गोरुपालक कृषकहरुलाई प्रोत्सहान प्रदान गरेको छ ।
- महानगरक्षेत्रका ५६३ हल गोरुपालक कृषकहरुलाई नगद रु.५६ लाख ३० हजार रुपैयाँ प्रोत्साहन प्रदान गरिएको छ ।

# आर्थिक विकास महाशाखा

- स्थानीय उत्पादनको बजारीकरण गर्ने उद्देश्यले पोखरामा स्थानीय रैथाने बजार सञ्चालन ।
- पोखराको पहिचान जेठोबुढो धान र खुदोलाई ब्राण्डीङ्ग तथा प्याकेजिङ्ग ।





# आर्थिक विकास महाशाखा






- पोखरा महानगरक्षेत्रमा रहेको बाँझो जमिनको उपयोग गर्दै घाँसमा आधारित पशुपालन व्यवसाय प्रर्वधन अन्तर्गत २९०० रोपनीमा ६७८ कृषकलाई घाँस खेतिमा प्रोत्साहन प्रदान ।




# व्यवसाय प्रवर्द्धन केन्द्र सञ्चालन

- समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा, समावेशी, सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारी सृजनाका लागि व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना ।
- केन्द्र मार्फत २ हजार ५ सय बढिलाई रोजगारमुलक तालिम प्रदान ।

# सामाजिक विकास महाशाखा

- पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र कोपिला नेपालको सहकार्यमा पोखरा -३३ मा लैङ्गिक हिंशा प्रभावित महिलाहरुका लागि- दिर्घकालिन महिला सुरक्षा गृह ( Safe House) सञ्चालन गरिएको।
- सडक आश्रित, असहाय, व्यक्ति हरुलाई उद्दार एबम मानब सेवा केन्द्रमा ब्यबस्थापन गरि सो केन्द्रलाई व्यवस्थापकीय सहयोग गरिएको।
- लागु औषध प्रभावित तथा सडक तथा सहयोगापेक्षी मानव लगायतका ७० जना व्यक्तिहरुको उद्धार राहत तथा पुर्नस्थापना गरिएको छ।
- चालु आ.व मा महानगर क्षेत्रभित्रका विपन्न तथा मध्यम आय भएका ४२ घरपरिवारको आवास निर्माण तथा मर्मत सम्भार कार्यको लागि २ करोड ६ लाख बजेट परिचालन गरिएको छ।
- चालु आ.व मा १६६ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ।

# सामाजिक विकास महाशाखा

- १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी दिवा सेवा केन्द्र, गमनशिलता, श्रोत कक्षा सञ्चालनमा सहयोग, ब्रेल पुस्तक प्रकाशन, लगायतका विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको ।
- महिला सहकारी मार्फत बिपन्न महिलाहरुलाई उद्यमशीलताको लागि सहुलियत दरमा कर्जा प्रवाह गरिएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई प्रकृति अनुसार परीक्षण एवं समितिको निर्णय अनुसार ४ प्रकारका परिचयपत्रहरु वितरण गर्दै आइएको ।

# उज्यालो पोखरा अभियान

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY



- उज्यालो पोखरा अभियान अन्तरगत २३ स्थानमा हाइमास्ट र ५ हजार बढी स्मार्ट सडक बत्तिहरु जडान ।

# ३१ वटा वडा कार्यालयहरु निर्माण







- पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको प्रक्रियामा । हालसम्म पोखरा महानगरपालिकाका ३१ वटा वडा कार्या लय आफ्नै सुविधा सम्पन्न भवनबाट सञ्चालन । यस अवधिमा वडा नं. १, २, ५, ८, १७, १८, २६, २७, ३१, ३३ का भवन निर्माण । कास्कीकोट स्वास्थ्य चौकी, चापाकोट स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र पोखरा १७, बासकोट स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र पोखरा १२, सहरी स्वास्थ्य केन्द्र पोखरा ११ को भवन निर्माण ।

# पोखरा घर निर्माण

पोखराको चिनारीका रुपमा सार्वजनिक पुस्तकालय, आर्ट ग्यालरी, एकीकृत सूचना केन्द्र, पोखरा प्रज्ञा प्रतिष्ठान, कोशेली घर, स्नान कक्ष र घणटाघर रहने गरी पोखरा घर निर्माण ।








# अन्तर्राष्ट्रिय झण्डापार्क निर्माण





- लायन्स अन्तर्राष्ट्रियसँगको सहकार्यमा महेन्द्रपुलमा अन्तर्राष्ट्रिय झण्डापार्क निर्माण ।
- ४ सय जना एकै पटक विश्राम गर्न, फिजिकल र डिजिटल अध्ययनको व्यवस्था ।

- सम्मानित सर्वोच्च अदालतको आदेशानुसार पुनः नापजाँच पश्चात सिमांकन। फेवातालको हाइफ्लोड लेभल ७९४.९५ कायम गरिएको।
- तालघरमा १०५५ सीमा स्तम्भ गाडिएको। फेवातालको कुल क्षेत्रफल ६.३४३ वर्ग कि.मी (१२,४६८ रोपनी ३ पैसा ३ दाम) कायम।
- दोस्रो चरणमा ६५ मिटर कायम गर्न कार्य आरम्भ गरिएको।






# फिर्केखोलाको सिमाङ्कन/खोलाघर खाली




- फिर्केखोलाको खोलाघर नापजाँच पश्चात् खोलाघरमा पिल्लर गाड्ने काम पहिलो चरणमा ।
- १६० संरचनाहरु निर्माण भएको पाइएको ।
- ती सबै संरचनाहरु हटाइएको ।






# फिर्केखोलाको सिमाङ्कन/खोलाघर खाली










# पोखरा बसपार्क निर्माण कार्य






- पोखरा महानगरपालिका वडा नं.९ स्थित पोखरा बसपार्क निर्माणको प्रक्रिया अगाडी बढेको छ । हाल ५ सय बढि संरचनाहरु हटाइएको छ । त्यहाँ बसोबास गरिरहेका सुकुम्बासीहरुको व्यवस्थापन प्रक्रिया सुरु गरिएको छ ।






# अतिक्रमण हटाइएको




- **पोखरा महानगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका विभिन्न संघसंस्थाका अनधिकृत संरचना र भवनहरु हटाएको छ ।**

# अमरसिंहचोक

- पोखरा महानगरपालिका वडा नं.१२ अमरसिंह माध्यमिक विद्यालयको खेलमैदानको अग्रभाग पृथ्वी राजमार्गसँग जोडिएको स्थानमा रहेका व्यवसायीक सटरहरु हटाइएको छ ।





# विकास साझेदारसँगको सहकार्य








- समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन लक्ष्य हासिल गर्न हातेमालो गर्दै World Bank, ADB, JICA, KOICA, UNDP, Lions, NRNA, Swish Contact, French Aid, UK Aid, USAID जस्ता विकास साझेदारसँगको सम्बन्ध सुदृढ छ ।

# विकास साझेदारसँगको सहकार्य







- विश्व बैंकको सहयोगमा तालचोक–वेगनास, शिशुवा–सिसाघाट सडक र दोविल्ला–पुँडीटार–लामेआहाल सडक निर्माण ।


# सडक पूर्वाधार





- महानगरभित्र कुल पक्की सडक ९७० कि.मि.मा विस्तार । पछिल्लो कार्यकालमा महानगर क्षेत्रमा ११५ किलोमिटर सडक निर्माण । जसमा ९० किलो मिटर पीच, २३ किलो मिटर स्तरोन्नती, ६३ किमी सडकको मर्मत तथा सुधार ।

- **एशियाली विकास बैंक (एडिवी) को सहयोगमा दिगो पर्यटन विकास परियोजना**
- Pokhara drainage, road, footpath, and street improvement
- Improvement of Panchase Access Road
- Panchase Eco-development
- Pokhara: Bindabasini area street redevelopment
- Inter Lake Cycle Route Development



## पोखरा महानगरपालिकाको पञ्चवर्षिय योजना निर्माण

(आर्थिक वर्ष २०८१।०८२ – २०८५।०८६)

सोच : समुन्नत पर्यटकीय पोखरा निर्माण


ध्येय : समुन्नत पोखराको आधार, सवल अर्थतन्त्र र पूर्वाधार

लक्ष्य : हरित, उत्थानशिल, समावेसी र समन्यायिक विकास मार्फत पोखरालाई उत्कृष्ट पर्यटकीय केन्द्र बनाउने ।

उद्देश्य : पर्यटन, कृषि र उद्योग क्षेत्रको उत्थान, उत्पादकत्व वृद्धि ।

समावेशी आर्थिक विकास, रोजगारी सिर्जना

हरित, समावेशी र सन्तुलित सहरी विकास लगायत ।



# पोखरा महानगरपालिकाको पञ्चवर्षिय नगर उर्जा योजना निर्माण (आर्थिक वर्ष २०८१-०८६)

- पोखरा महानगरपालिकामा घरायसी, व्यावसायिक, र औद्योगिक क्षेत्रमा उर्जा प्रयोगको स्थिति पत्ता लगाउने ।
- उर्जा दक्षता पत्ता लगाउने ।
- एर्जा दक्षता प्रविधिका लागि अवसरहरु पहिचान गर्न उर्जा पहुँच बढाउने ।
- स्थानीय आर्थिक विकासमा सहयोग गर्ने ।
- दिगो विकास लक्ष्य, आधुनिक उर्जामा पहुँच सुनिश्चिचता र उर्जा दक्ष प्रविधिमा सहायता गर्ने ।



# मेगा वृक्षारोपण अभियान

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY





- महानगर क्षेत्रको शहरी वन व्यवस्थापन तथा संरक्षण र विकासका लागि थप **२ लाख २६ हजार बिरुवा** लगाउने **मेगा वृक्षारोपण अभियान** सञ्चालन ।
- नगर क्षेत्रको ७ सय कि.मी. सडक तथा राजमार्ग, झन्डै ६९ कि.मी. नदी तथा खोला किनार, २९ सार्वजनिक स्थलको १२५ हेक्टर खुला क्षेत्रमा **३८ प्रजातिका बिरुवाहरू** लगाइने । वातावरण दिवसको दिन ६ हजार वृक्षारोपण।

# पुष्करिणी परोपकार गोकुलधाम









- बजार क्षेत्रमा छोडिएका छाडा पशुचौपाया नियन्त्रण गरी महानगरपालिकाको सहयोगमा पुष्करिणी परोपकार गोकुलधाम (गौशाला) व्यवस्थापन । बाच्छीबुडुवामा ३ सय **बढी** गाइवस्तुहरु व्यवस्थापन । दुर्घटना न्युनिकरणमा ठुलो सहयोग ।

# TOURISM CAPITAL OF NEPAL

- महानगरका ३ दर्जन बढी स्थानमा खुला व्यायामशाला निर्माण।
- महानगरको ऐतिहासिक पक्ष उजागर गर्ने ८० बढी नयाँ तथा पुराना चौतारीहरु निर्माण तथा मर्मत संभार ।
- सडक बिचमा डिभाइडरहरुको पुनर्निर्माण गरिएको छ ।



# जिभिजेड सेन्टर निर्माण



रिसाइक्लिङ र अपसाइक्लिङ मार्फत हरित रोजगारी सिर्जना परियोजना अन्तरगत कोइकाको ९.८ मिलियन अमेरिकी डलर र युएनडिपीले ०.८७ मिलियन अमेरिकी डलर आर्थिक सहयोगमा जिभिजेड सेन्टर निर्माण ।

पोखरा महानगर क्षेत्रका १३६ वटा सामुदायिक समूहहरू निर्माण गरी उनीहरूलाई आवश्यक तालिम तथा प्राविधिक प्रशिक्षण पनि प्रदान ।

फोहोरमैलाको उचित व्यवस्थापन मार्फत हरित रोजगारी सृजना र चक्रीय अर्थतन्त्र निर्माण र ३ हजार रोजगारी सृजना गर्ने लक्ष्य ।





अतिथि देवो भवः

POKHARA

TOURISM CAPITAL OF NEPAL

# THANK YOU